# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८ ) काठमाडौं, चैत्र १६ गते २०६५ साल ( अतिरिक्ताङ्क ५३ (ङ)


## भाग ५

### निर्वाचन आयोगको सूचना

निर्वाचन आयोगले सम्वत् २०६५ साल चैत्र २८ गते पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत मोरङ्ग जिल्लाको निर्वाचन क्षेत्र नं. ५ र ७, धनुषा जिल्लाको निर्वाचन क्षेत्र नं. ५, कास्की जिल्लाको निर्वाचन क्षेत्र नं. १, रोल्पा जिल्लाको निर्वाचन क्षेत्र नं. २ र कञ्चनपुर जिल्लाको निर्वाचन क्षेत्र नं. ४ मा हुने संविधान सभा सदस्य उपनिर्वाचन-सँग सम्बन्धित मतदान र सो निर्वाचनको कामसँग सम्बन्धित अन्य काम कारवाहीको अनुगमन गर्न निर्वाचन आयोगऐन, २०६३ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारका देहायका राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृतहरूलाई देहाय बमोजिमका जिल्लामा एक सदस्यीय संविधान सभा सदस्य निर्वाचन अनुगमन टोलीको सदस्यमा नियुक्ति गरी खटाएकोले यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | नाम, थर | पद | कार्यरत मन्त्रालय/ सचिवालय/कार्यालय। केन्द्र/समिति | अनुगमन गर्न तोकिएको जिल्ला |
|---|---|---|---|---|
| १. | श्री तारा गौतम | प्रमुख अधिकृत | राष्ट्रिय सतर्कता केन्द्र | मोरङ्ग |
| २. | श्री रामस्वरुप सिन्हा | का.मु. सचिव | शिक्षा मन्त्रालय | धनुषा |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ३. | श्री दिनेशहरि अधिकारी | समन्वयनकर्ता | शिविर व्यवस्थापन केन्द्रीय समन्वयनकर्ताको कार्यालय | कास्की |
| ४. | श्री ध्रुवप्रसाद शर्मा | संयोजक | मुक्त कमैया पुनः स्थापना केन्द्रीय समिति | रोल्पा |
| ५. | श्री हरिराम कोईराला | का.मु. सचिव | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कञ्चनपुर |

आज्ञाले,
सुशील जङ्गबहादुर राणा
सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.हु.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।